**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ अक्टुबर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. चक्रवाती आँधी दाना अब उत्तरी ओडिशा र पश्चिम बंगालको तटतर्फ बढिरहेको छ।

२. राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि छत्तीसगढ़को दुइ दिवसीय भ्रमणमा जानु हुनेछ।

३. झारखण्ड विधानसभा चुनावको पहिलो चरणको उम्मेदवारी दर्ता गर्ने आज अन्तिम दिन हो ।

४. गुजरातको गान्धीनगरस्थित महात्मा मन्दिरमा आजदेखि १७औँ इन्डिया अर्बन मोबिलिटी सम्मेलन र प्रदर्शनी हुँदैछ।

५. अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा हिजो भएको तीन खेलको एकदिवसीय शृंखलाको पहिलो खेलमा भारतीय महिला टोलीले न्यूजिल्याण्डलाई ५९ रनले पराजित गरेको छ ।

**चक्रवात दाना**

चक्रवात आँधी दाना ओडिशाको तटमा ठोकिने प्रक्रिया आज बिहानसम्म जारी रहनेछ। यसैबीच १०० किलोमिटरदेखि ११० किलोमिटर प्रतिघण्टाको गतिमा हावा चलिरहेको छ । मौसम विभागका अनुसार चक्रवात दाना हिजो मध्यरातमा भितरकनिका राष्ट्रिय निकुञ्ज र धामरा बन्दरगाहको बीचमा ओडिशाको तटमा पुगेको थियो। विभागका महानिर्देशक मृत्युञ्जय महापात्राले चक्रवात उत्तर-उत्तरपश्चिम दिशामा सरेर उत्तर ओडिशा र पश्चिम बंगालको तटलाई पार गर्ने सम्भावना रहेको बताउनु भएको छ। कमजोर हुनु अघि हावाको गति प्रतिघण्टा १२० किलोमिटरसम्म पुग्न सक्छ। भारी वर्षाको सम्भावना पनि छ । मयुरभञ्ज, कटक, जाजपुर, बालासोर, भद्रक, केन्द्रपारा, जगतसिंहपुर र आसपासका क्षेत्रमा भारी वर्षा हुनेछ। चक्रवातको प्रभावका कारण तटीय क्षेत्रमा बाढीको अवस्था आउन सक्ने मौसम बिभागले जनाएको छ । प्रशासनलाई सचेत गराइएको छ र संवेदनशील क्षेत्रमा सुरक्षाको प्रबन्ध मिलाइएको छ। ओडिशाका मुख्य सचिव मनोज आहुजाले भन्नुभयो, सरकारले सबै जिल्लाहरूमा प्रकोप तयारीको समीक्षा गरेको छ। ६ लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । ओडिशाका मुख्यमन्त्री मोहन मांझीले स्थितिको निरन्तर निगरानी गरिरहनु भएको छ।

****** ० ******

**राष्ट्रपति छत्तीसगढ़**

राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि छत्तीसगढ़को दुइ दिवसीय भ्रमणमा जानु हुनेछ। उहाँ आज एम्स, रायपुरको दोस्रो दीक्षांत समारोहमा सामेल हुनुहुनेछ। राष्ट्रपति मुर्मू एनआईटी, रायपुरको 14 औ दीक्षांत समारोहमा पनि सामेल हुनुहुनेछ अनि नयाँ रायपुरमा पुरखौती मुक्तांगनको भ्रमण गर्नुहुनेछ।भोलि राष्ट्रपति आईआईटी, भिलाईको चौथो दीक्षांत समारोहमा सामेल हुनुहुनेछ। उहाँ रायपुरमा पंडित दीनदयाल उपाध्याय मेमोरियल स्वास्थ्य विज्ञान एवं आयुष विश्वविद्यालय, छत्तीसगढ़को तेस्रो दीक्षांत समारोहमा पनि सामेल हुनुहुनेछ।

****** ० ******

**प्राइम-हुन्डाई**

हुन्डाई मोटर समूहका कार्यकारी अध्यक्ष युइसुन चुङले यही महिनाको २१ तारिख नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गर्नु भएको थियो। सोसल मिडिया साइट ᵡ मा हुन्डाई इन्डिया ह्यान्डलको पोस्टको जवाफ दिँदै श्री मोदीले भारत वास्तवमा लगानीको लागि एक आदर्श गन्तव्य हो भन्नु भयो अनि उहाले पुणे प्लान्टको लागि हुन्डाईको उत्साहप्रति खुशी व्यक्त गर्नु भयो । उहाँले महाराष्ट्र भारतको आर्थिक शक्ति हो र यति ठूलो लगानीले राज्यका जनतालाई धेरै फाइदा पुऱ्याउँनेछ भन्नु भयो ।

****** ० ******

**प्रधानन्यायाधीश नियुक्ति**

न्यायमूर्ति सञ्जीव खन्ना भारतको भावी प्रधान न्यायाधीश हुनेछन्। कानून मन्त्री अर्जुन राम मेघवालले सामाजिक सञ्जाल पोस्टमा राष्ट्रपति द्रौपदी मुर्मुले निवर्तमान प्रधान न्यायाधीश डी.वाई. चन्द्रचुडसँगको परामर्शपछि न्यायाधीश खन्नालाई ११ नोभेम्बरदेखि लागू हुने गरी भारतको प्रधानन्यायाधीश नियुक्त गरिएको छ। उहाँ देशको ५१ औं प्रधानन्यायाधीश हुनेछन् र आगामी वर्षको नोभेम्बर १३ मा अवकाश लिनेछन्। न्यायाधीश सञ्जीव खन्नाले जनवरी १८, २०१९ मा सर्वोच्च अदालतको न्यायाधीशको रूपमा पदभार ग्रहण गर्नु भएको थियो। यस अवधिमा उहाँले सर्वोच्च अदालतका विभिन्न संवैधानिक इजलासमा काम गर्नुका साथै धेरै महत्त्वपूर्ण निर्णय सुनाउनु भएको छ। उहाँको निर्णयहरूमा व्यक्तिगत स्वतन्त्रता र बलियो लोकतान्त्रिक सहभागिताको प्राथमिकता प्रमुखता रहेको छ। न्यायाधीश डी.वाई. चन्द्रचुडले ९ नोभेम्बर २०२२ मा देशको प्रधानन्यायाधीशको पदभार ग्रहण गर्नु भएको थियो। उहाँले यसै वर्ष नोभेम्बर १० मा अवकाश ग्रहण गर्नु हुनेछ।

****** ० ******

**CJI- आकाशबाणी**

भारतका मुख्य न्यायाधीश न्यायमूर्ति डी.वाई. चन्द्रचुडले विगत ७५ वर्षमा सर्वोच्च अदालत वास्तविक अर्थमा जनअदालतका रुपमा बलियो भएको बताउनु भयो। उहाँले देशको सर्वोच्च अदालतले जनअदालतको रुपमा काम गरेको यस्तो उदाहरण विश्वमा कतै नरहेको बताउनु भयो।सर्वोच्च अदालतको ७५ वर्ष पूरा भएको अवसरमा आकाशबाणीसँगको विशेष अन्तर्वार्तामा प्रधानन्यायाधीशले विभिन्न विषयमा आफ्नो धारणा राख्नु भएको छ। उहाँले आकाशबाणीमा प्रस्तोताका रूपमा कार्यक्रम गर्दाका आफ्ना सम्झनाहरू पनि सुनाउनु भयो।न्यायाधीश डीवाई चन्द्रचुडसँगको यो अन्तर्वार्ता आज राति ९:३० बजे आकाशवाणी गोल्ड एन्ड एक्स्ट्रा मिटरमा प्रसारण हुनेछ। यो हाम्रो सामाजिक मिडिया च्यानलहरू र वेबसाइट newsonair.gov.in र NewsOnAIR एपमा पनि उपलब्ध हुनेछ।

****** ० ******

**झारखण्ड - नामांकन**

झारखण्ड विधानसभा चुनावको पहिलो चरणको उम्मेदवारी दर्ता गर्ने आज अन्तिम दिन हो। यस चरणमा, नोभेम्बर 13 मा राज्यको 43 निर्वाचन क्षेत्रहरूमा मतदान हुनेछ। हालसम्म ७ सय ४८ जना उम्मेदवारले उम्मेदवारी दिएका छन्। मुख्यमन्त्री हेमन्त सोरेनले बर्हेतबाट, विपक्षी दलका नेता अमरकुमार बौरीले चन्दर्क्यारीबाट र विधानसभा अध्यक्ष रविन्द्रकुमार महतोले नालाबाट उम्मेदवारी दिएका छन्। उम्मेदवारीको छानबिन जांच 28 अक्तूबरमा हुनेछ, 30 अक्तूबर सम्म नाम फिर्ता लिन सकिनेछ।यसैबीच, विधानसभा चुनावको घोषणा भएदेखि नै राज्यका विभिन्न भागबाट खोजी अभियानमा २७ करोड रुपैयाँभन्दा बढीको अवैध सामग्री र नगद बरामद भएको छ। आदर्श आचारसंहिता उल्लङ्घन गरेको आरोपमा १४ एफआइआर दर्ता भएका छन्।

****** ० ******

**झारखण्ड - चुनावी अभियान**

झारखण्डमा विधानसभा चुनाव हुनुअघि भारतीय जनता पार्टी र झारखण्ड मुक्ति मोर्चाबीच आरोप–प्रत्यारोपको खेल शुरु भएको छ| भारतीय जनता पार्टीका विधानसभा चुनाव सह-इन्चार्ज हिमन्त विश्वसरमाले भन्नुभयो, बीजेपीले यो चुनाव झारखण्डको विकासको लागि लडिरहेको छ।

उता झारखण्ड मुक्ति मोर्चाका कार्यकारी अध्यक्ष तथा मुख्यमन्त्री हेमन्त सोरेनले भारतीय जनता पार्टीले विकासको नाममा जनतालाई भ्रममा पारेको बताउनु भएको छ।

****** ० ******

**उत्तर प्रदेश उप-चुनाव**

उत्तर प्रदेशको ९ विधानसभा सीटका लागि हुने भएको उपचुनावका लागि आज उम्मेदवारी दर्ताको अन्तिम दिन हो। हिजो ३७ जनाले उम्मेदवारी दर्ता गराएका थिए। हालसम्म ७१ जनाले उम्मेदवारी दर्ता गराएका छन्। भारतीय जनता पार्टीले हिजो उम्मेदवारको नाम सार्वजनिक गरेको छ।

****** ० ******

**गुजरात शहरी गतिशीलता**

गुजरातको गान्धीनगरस्थित महात्मा मन्दिरमा आजदेखि १७औँ इन्डिया अर्बन मोबिलिटी सम्मेलन र प्रदर्शनी हुँदैछ। सम्मेलन आवास तथा शहरी मामिला मन्त्रालयले आयोजना गरिरहेको छ। तीन दिने सम्मेलनको उद्घाटन गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले गर्नु हुनेछ। सम्मेलनमा केन्द्रीय र राज्य सरकारका वरिष्ठ अधिकारीहरू र नीति निर्माताहरू र शहरी यातायात विशेषज्ञहरू सहित तीन हजार भन्दा बढी सहभागीहरूको सहभागीता हुनेछन्।आवास तथा शहरी मामिला मन्त्रालयका सहसचिव श्री जयदीपले यस सम्मेलनको उद्देश्य सहरी गतिशीलता बढाउन विभिन्न उपायहरूमा विचार गर्नु रहेको बताउनु भयो।सम्मेलनको समापन सत्रको अध्यक्षता केन्द्रीय मन्त्री मनोहर लाल खट्टरले गर्नु हुनेछ। समापन सत्रमा विभिन्न आठ विधामा उत्कृष्ट सहरी व्यवस्थापनका लागि सहरलाई पुरस्कृत गरिने छ।

****** ० ******

**टर्की आक्रमण-इराक उत्तरी सिरिया**

टर्कीले आफ्नो सैन्य अभियानमा इराक र उत्तरी सिरियाको कुल ४७ आतंकवादी ठेगनाहरुलाई लक्ष्य गरि धेरै आतंककारीहरूलाई मारेको छ। टर्कीका रक्षामन्त्री यासर गुलेरले हिजो अंकारामा भएको घातक आतंकवादी घटनाको बदलास्वरुप यो कारबाही गरिएको बताउनु भएको छ। इस्तानबुलमा टर्किस एरोस्पेस इन्डस्ट्रिज इन्कमा भएको आक्रमणमा ज्यान गुमाएकाहरुको स्मृति समारोहमा उहाले यस्तो भन्नु भएको हो। उक्त आक्रमणमा ५ जनाको मृत्यु भएको थियो भने २२ जना घाइते भएका थिए। टर्कीका रक्षामन्त्रीले अन्तिम आतंकवादी नमारिएसम्म आराम नगर्ने बताएका छन्। आक्रमणमा संलग्न भएकाहरु लाई कडा कारबाही गरिनेछ। श्री यासिर गुलरले इराकमा २९ र उत्तरी सिरियामा १८ वटा लक्ष्यमा आक्रमण भएको बतउनु भएको छ।

****** ० ******

**महिला क्रिकेट**

अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा हिजो भएको तीन खेलको एकदिवसीय शृंखलाको पहिलो खेलमा भारतीय महिला टोलीले न्यूजिल्याण्डलाई ५९ रनले पराजित गरेको छ। २२८ रनको लक्ष्य पछयाएको न्युजिल्यान्डले ४० ओभर र ४ बलमा १६८ रन मात्र बनाउन सक्यो। भारतका लागि राधा यादवले तीन र साइमा ठाकोरले दुई विकेट लिए। यसअघि ब्याटिङमा आएको भारतीय टोली ४४ ओभर र ३ बलमा २२७ रनमा अलआउट भएको थियो।

****** ० ******

**खेलकुद पुरस्कार**

युवा मामिला तथा खेलकुद मन्त्रालयले खेलकुद अवार्ड २०२४ का लागि आवेदन आह्वान गरेको छ। खेलकुदमा उत्कृष्ट प्रदर्शन गरेको भन्दै हरेक वर्ष यी अवार्डहरू प्रदान गरिन्छ। मेजर ध्यानचन्द खेल रत्न पुरस्कार एक खेलाडी द्वारा उत्कृष्ट प्रदर्शन को लागी प्रदान गरिन्छ। अर्जुन पुरस्कार लगातार उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई दिइन्छ। यस क्षेत्रमा आजीवन योगदानको लागि अर्जुन पुरस्कार (आजीवन) प्रदान गरिन्छ। द्रोणाचार्य पुरस्कार प्रतिष्ठित अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा पदक विजेता उत्पादन गर्ने प्रशिक्षकहरूलाई दिइन्छ।